**कारोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २४ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २४ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि सरकारले जारी गरेको लकडाउनका करण समस्यामा परेका असहाय व्यक्तिहरुलाई गन्यापधुरा गाउँपालिकाले वितरण गर्दै आएको राहत सम्बन्धमा विवाद हुँदा गन्यापधुरा गाउँपालिकाका अध्यक्ष नवलबहादुर मल्लको निवास वैशाख २३ गते राति तोडफोडमा सङ्लग्न भएको आरोपमा चन्द्रे कार्की, डम्बर कार्की र टेकबहादुर रावललाई प्रहरीले गरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले जानकारी दिनुभयो । राती ८ बजे स्थानीय चार जनाले मदिरा सेवन गरी आफ्नो निवासमा तोडफोड गरेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । राहतको विषयलाई लिएर विवाद गरेको र भोलि आउनु छलफल गरौला भनेर पठाउँदा बाहिर गएर तोडफोड गरेको अध्यक्ष मल्लको भनाइ छ । उनीहरूको साथबाट दुई थान चक्कुसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । अध्यक्ष मल्लले सुरुमा आफूहरुमाथि आक्रमणको प्रयास गरेपछि आफूहरुले प्रतिवाद मात्रै गरेको स्थानीय युवाहरूले बताएका छन । के कारणले विवाद भयो र किन उनीहरूले निवासमा तोडफोड गऱ्यो भनेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** बुढिगंगा नगरपालिका- ९ त्रिशक्ती क्वारेनटाइनमा बसेका व्यक्तिहरुलाई दिइएको म्याद सकिएको चामलको ल्याब परीक्षण गरिने भएको छ । वैशाख १८ गतेको क्वारेन्टाइनमा कुहीएको चावल खानु परेको क्वारेन्टाइनमा बस्दै आएकाहरुको गुनासो समचार वैशाख १८ गते इन्सेक अनलाइन तथा जिल्लास्थित विभिन्न पत्रपत्रिका र इलोकट्रोनिक मिडियामा प्रशासन भएपछि ल्याब परीक्षण गरिने भएको बुढिगंगा नगरपालिकाका स्वास्थ्य संयोजक दिपक शाहले बताउनु भयो ।
जिल्ला प्रशासन कार्यालय, बाजुराले म्याद सकीएको चावलको वास्तविक के हो बुझेर प्रतिबेदन पठाउन बुढीगंगा नगरपालिकालाई पत्रचार गरेपछि बुढीगंगा नगरपालिकाले नगर उपप्रमुख तारा खातिको संयोजकत्वमा स्वास्थ्य संयोजक दिपक शाह, प्रशासन अधिकृत नरेन्द्र नाथ र प्रहरी प्रतिनिधि रहेको छानबिन समिति गठन गरी छानबिन सुरु गर्ने भएको छ । समितिले म्याद नाघेको चामल ल्याएर गुणस्तर मापन केन्द्र,धनगढीमा पठाउने तयारी भइरहेको स्वास्थ्य संयोजक दिपक शाहले बताउनु भयो ।
उहाँले भन्नु भयो -‘ कुहिएको भनिएको चामल नगरपालिका ल्याइसकेको छ । यातायातको साधानको व्यवस्था गरेर धनगढी पठाइदै छ ।’
म्याद नाधेको चामल बिक्री गर्ने व्यापारी सुनिल बानियाँको गोदाम र बेतालमाडौंस्थित ब्यापारी मानबहादुर धामीको गोदाममा अनुगमन गर्दा म्याद सकिएको चामल थप भेटिएको अनुगमन समितिका सदस्य दिपक शाहले बताउनु भयो ।
उहाँले भन्नु भयो -‘बेतालमाडौंस्थित धामीको गोदाममा बाह्र / तेह्र बोरा चामल म्याद सकिएको फेला पारेको छ । उहाँलाई सो चामल बिक्री नगर्न भनेका छौं ।’

क्वारेनटाइनमा बसेका चाँर जनालाई झाडापखाला लागेपछि क्वारेन्टाइनमा बसेका व्यक्तिहरुले चामलको बारोमा उत्पादन मिति जाँच गर्दा म्याद सकिएको पाइएको थियो भने चामलका बोरामा उत्पादन मिति २०१७ लेखिएको भएपनि मार्करले २०२० बनाइएको पाइएको थियो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** कोरोना भाइरस परीक्षणका लागि आवश्यक किट र स्वास्थ्य सामग्रीको अभाब भएको छ । बाहिरी जिल्ला तथा भारतबाट आएका ६ सय ७५ जना अझै पनि क्वारेन्टाइनमा रहेकाले उहाँहरुको र्‍यापिट टेस्ट गर्नका लागि प्रयाप्त मात्रमा पीपीइ, थर्मल गन तथा किटको अभाव भएको जिल्ला स्वास्थ्य कार्यालय,बझाङका प्रमुख भानु जोशीले बताउनु भयो । हालसम्म प्राप्त १ हजार १ सय किटहरु मध्ये ६० ओटा मात्रै र्‍यापिट टेस्ट किटहरु मौज्दात रहेको जिल्ला स्वास्थ्य कार्यालय, प्रमुख जोशीको भनाइ छ । जोशीका अनुसार हालसम्म ८ सय ७५ जनाको र्‍यापिट टेस्ट र ७१ जनाको स्वाब परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । गत साता मात्रै भारतको झुलाघाट तथा धार्चुला नाकाबाट बझाड भित्रिएका ६ सय १३ जनाको पनि स्वास्थ्य परीक्षण गर्न बाँकी रहेको जोशीले बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** अपिहिमाल गाउँपालिकाले जिल्ला बाहिर रहेका विद्यार्थीको लागि राहत रकम पठाएको छ । अपिहिमाल गाउँ कार्यपालिकाको बैठकले लकडाउनका कारण घर फिर्ता ल्याउन नसकिएका र समस्यामा परेका ५ सय विद्यार्थीको लागि राहत रकम पठाएको हो । लकडाउनका कारण आर्थिक समस्या झेल्दै आएका धनगढी, महेन्द्रनगर र काठमाडौँमा रहेका विद्यार्थीको लागि प्रति विद्यार्थी १ हजार ५सय रुपियाँका दरले रकम पठाइएको गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले जानकारी दिनुभयो । गाउँपालिकाले धनगढीमा १ सय ५० जना र काठमाडौँमा ३ सय ५० जनाको लागि राहत रकम पठाइएको अध्यक्ष मन्यालको भनाइ छ । धनगढी र महेन्द्रनगरमा रहेका ३० जना विद्यार्थीलाई वैशाख २४ गते राहत वितरण गरिएको कार्यपालिका सदस्य शान्ति धामीले जानकारी दिनुभयो ।
राष्ट्रिय वाणिज्य बैङ्क, दार्चुलाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महाकाली नगरपालिकाको विपद व्यवस्थापन शाखालाई ५१ हजार रुपियाँ सहयोग गरेको छ । राष्ट्रिय वाणिज्य बैंङ्क, दार्चुलाका शाखा प्रबन्धक राजेन्द्रसिह धामीले नगरपालिका प्रमुख हंशराज भट्टलाई ५१ हजार रुपियाँको चेक हस्तान्तरण गर्नु भएको हो । विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापनमा सहयोग पुगोस् भन्नको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत रकम सहयोग गरिएको प्रबन्धक धामीको भनाइ छ ।
लकडाउनका कारण भारतमै रोकिएका ६ जना नेपाली वैशाख २४ गते महाकली नदी तरेर नेपाल फर्किएका छन् । चार महिना अघि मजदुरी गर्न गएका नेपालीहरु महाकाली नदीमा ट्युब तरेर नेपाल फर्किएका हुन् । डिडिहाट क्षेत्रमा मजदुरी गर्न गएका नौगाड गाउँपालिका - ३ का विरेन्द्र ठगुन्ना, नरेशसिह ठगुन्ना, धनसिह ठगुन्ना, दिपकसिह ठगुन्ना, गणेशसिह ठगुन्ना र महाकाली नगरपालिका - ५ का कृष्ण ओड नेपाल फिर्किएका हुन् । दत्तु नाका भएर ट्युबमार्फत पाँच जना र एक जना महाकालीमा पौडीएर नेपाल भित्रिएको महाकाली नगरपालिका विपद शाखा संयोजक भुवन जोशीले बताउनु भयो । महाकाली नगरपालिका - ५ का ओड महाकाली नदीमा पौडी खेलेर नेपाल भित्रिएका हुन् । लकडाउनका कारण काम बन्द भएपछि घर फर्किन बाध्य भएको नौगाड गाउँपालिका - ३ का विरेन्द्र ठगुन्नाले बताउनु भयो । उहाँले भन्नु भयो -'एक महिनादेखि काम बन्द भयो । नेपाल भारत झोलुंगे पूल खुलेको जानकारी भएन् । तीन दिन डिडिहाटबाट हिडेरै धार्चुला पुगेउँ ।'

**इन्सेक बैतडी लिल्ला प्रतिनिधि नरी बडुका अनुसार** रोजगारीको सिलसिलामा भारतका विभिन्न स्थानमा रहेका नेपालीहरुले स्वदेश फर्काउन पहल गरिदिन आग्रह गरेका छन् । भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएको र लकडाउनका कारण कामकाँज बन्द भई छाक टार्न समस्या बैतडी पञ्चेस्वार घर भई भारतको मुम्बइमा रहनु भएका नरेन्द्र चन्दले बताउनु भयो । भारतको मुम्बइमा धेरै नेपाली समस्यामा परेका मेलौली नगरपालिका - ७ पच्कोरा घर भई मुम्बइमा रहनु भएका किशोर कार्कीले जानकारी दिनुभयो । सबै कम्पनीहरु समेत बन्द हुँदा छाक टार्न मुस्कील भएको कार्कीको भनाइ छ । आपतकालमा आफूहरुले मातृभूमी सम्झेको बताउँदै उहाँले आफूहरुलाई स्वदेश फर्काउन पहल गरिदिन आग्रह गर्नु भयो । भारतका विभिन्न ठाउँका नागरिक समेत आ-आफ्ना क्षेत्रमा गइसकेकाले काम गर्ने नेपालीहरु मात्रै समस्यामा रहेका कार्कीले बताउनु भयो । भारतका विभिन्न ठाउँमा रोजगारीको सिलसिलामा लाखौं नेपाली रहेका छन् ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिम प्रदेश स्तरीय मानव अधिकार अनुगमन समितिको वैशाख २३ गते भिडियो बैठक बसी मानव अधिकारका सवालमा छलफल तथा निर्णयहरु गरिएको छ । इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढीमा संयोजक तथा मानव अधिकार अनुगमन समितिका सदस्य खडकराज जोशीले प्रदेश स्तरीय समितिको बैठकमा लकडाउनका कारण कैलाली जिल्लाको भारतीय सिमा बजार पलिया र कञ्चनपुर जिल्लाको सिमा बजार बनवासा, टनकपुर र खटिस्थित क्वारेन्टाइनमा रहेका नेपाली नागरिकहरुको मानव अधिकार संरक्षण गर्न उहाँहरुको स्वास्थ्य परीक्षण गरी सुरक्षित रुपमा स्वदेशकै क्वारेन्टाइनमा राख्न नेपाल सरकारको पुनः ध्यानाकर्षण गर्ने , वर्षातको समयमा भारतीय सिमा क्षेत्रमा रहेका सुरक्षा पोष्टहरुमा असुरक्षित भएकोले सुरक्षित र व्यवस्थित पोष्टहरु निमार्ण गर्नु पहलकदमी गर्ने , क्वारेन्टाइनमा बसेका नागरिकहरुमा औंलो लगायत विभिन्न सङ्क्रमणको सम्भावना भएको हुँदा उहाहरुको सुरक्षाका लागि आवश्यक झुल लगायत सफा खाना र बस्नको व्यवस्था गर्न पहल गर्ने, कृषिजन्य स्थानीय उत्पादनको कटानी, भण्डारण, ढुवानी र बिक्रीवितरणलाई व्यवस्थित र सहज बनाउन तथा भारतीय पैठारीमा रोक लगाई स्थानीय रुपमा उत्पादित तरकारी, फलफुलको उत्पादन र वितरणमा प्रोत्साहन गर्न पहल गर्ने, कोरोना परीक्षण दरलाई अझै तिब्र पार्न सरकारसँग पहलकदमी गर्ने र भविश्यमा भारतीय सिमा नाकाबाट हजारौँको सङ्ख्यामा नेपाली र भारतीय नागरिक प्रवेश गर्नसक्ने सम्भावनालाई मध्येनजर गर्दै यस प्रदेशमा कोरोना थप सङ्क्रमण फैलन नदिन त्यसको अग्रिम व्यवस्थापन र योजनाका बारेमा प्रदेश र स्थानीय तहसँग छलफल गरी जानकारी माग गर्ने, लकडाउनको अवधीमा मानव अधिकार उल्लङ्घनका घटना तथा महिला हिंसा लगायत अन्य अपराधिक घटनाहरुको न्युनिकरण र रोकथामका उपायाहरुका बारेमा समेत बैंठकमा छलफल भई सम्बन्धित निकायसँग बुझि आवश्यक समन्वय गर्ने लगायतका निर्णय भएको बताउनु भयो ।
यसका साथै लकडाउनको अवधीमा महिला संवदनशीलतालाई ध्यानमा राखि क्वारेन्टाइनमा प्याड र होम क्वारेन्टाइनमा बसेकाहरुलाई समेत परिवार नियोजनका स्थायी साधनहरुको सहज रुपमा वितरण र स्वास्थ्य परीक्षणका लागि सरकारको ध्यान दिनु पर्ने र यसका लागि पहल पर्ने छलफलका क्रममा निर्णय भएको मानव अधिकार अनुगमन समितिका सदस्य तथा इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक जोशीले जनाकारी दिनुभयो ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** क्रियाशिल युवाहरूको समूहले राहत सङ्कलन गरी बोगटान फुड्सिल र केआईसिँह गाउँपालिकालाई वैशाख २३ गते हस्तान्तरण गरेका छन् । दुई

ओटा गाउँपालिकालाई हाल ५०/५० बोरा चामल प्रदान गरिएको राहत सङ्कलनमा क्रियाशिल युवा दिपेन्द्र सिंहले जानकारी दिनुभयो । उहाँले भन्नु भयो -'मानवता भएका मान्छेबाट सङ्कलन गरेको राहत सबै स्थानीय तहमा पुऱ्याउने हाम्रो लक्ष्य छ ।'

बोगटान फुडि्सल गाउँपालिकाका अध्यक्ष कमल गडि्सलाले युवाहरुले सङ्कलन गरी उपलब्ध गारएको राहत सामग्रीले लकडाउनको समयमा समस्यामा परेका विपन्न परिवारका लागि ठुलो सहयोग हुने बताउनु भयो । उहाँले भन्नु भयो - 'विपदको समयमा यस्ता सामाजिक अभियानहरूले सरकारलाई ठुलो सहयोग गर्छ ।'

प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले यस्ता सहयोगी कार्यक्रमहरूले विपदका बेला जोखिममा रहने विपन्न वर्गको जीविका चलाउन मद्दत गर्ने बताउनु भयो ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**